सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

खबर

माझखर्क
साप्ताहिकको सह-प्रकाशन



त्रिनपा - १० बोक्से यलम्बर टोल। यहाँ सम्पूर्ण किसिमका किराना तथा दैनिक उपभोग्य खाद्यान्न समाग्रीहरु सुपथ मूल्यमा पाईन्छ। साथै र ाँगा,बंगुर र ब्रोईलर कुखुराको मासु पनि उपलब्ध छ।
प्रो. जिना राई ,सम्पर्क नं. ९८४२८५५५४७/९८०५९६०९२२

एस एण्ड एस सप्लायर्स

■ बर्ष-१५, ▸▸ अंक ३५८▸▸ साउन १ शुक्रबार,२०७८, July–16 Friday 2021,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३■ पृष्ठ -४ ▸▸ मूल्य रु. ५/-www.majhkharka.com

## त्रियुगा उपमहानगरपालिका बन्न १२ हजार चाहिने

# गाईघाट बजार क्षेत्रको सडकपेटीको सामान सबै उठाइदै

❖ बुद्धि कुमार राई

*त्रियुगा, असार ३१*

त्रियुगा नगरपालिका उदयपुरले नगरबासीको सामान्य आधारभुत आवश्यक्ता बेवास्ता गरी तिब्र गतिमा नगरपालिकालाई उपमहानगरपालिका बनाउने कार्यमा जुटेको छ।





बिहिबार आर्थिक बर्षको अन्त्य गर्दै नगरपालिकाको सातौँ नगरसभा सम्पन्न गरेको छ। नगरसभाले आर्थिक बर्ष २०७८ - २०७९ को लागि एक अरब सात करोड छयानब्बे लाख चौरानब्बे हजारको बजेट पास गरेको छ। नगरसभाले आर्थिक बर्ष २०७८-२०७९ को लागि एकाउन्न करोड चौध लाख चौरानब्बे हजारको बिषयगत बजेट पास गरेको छ। अहिले त्रियुगा नगरपालिकाका नगरबासीले सडक, नाली, बत्ती, पानी जस्ता आधारभुत पूर्वाधारको माग गरिरहँदा नगरपालिका भने दिर्घकालिन बिकासमा जोड दिएको छ। त्रियुगा नगरपालिकालाई उपमहानगरपालिका बनाउन एक लाख २५ हजार जनसङ्ख्या चाहिनेमा हाल एक लाख १३ हजार जनसङ्ख्या त्रियुगा नगरपालिकामा छन्। बाँकी १२ हजार जनङ्ख्या थप भएपछि उपमहानगरपालिका बन्ने आधार बन्नेछ। त्यस्तै नगरपालिकाले संकलन गर्नुपर्ने १५ करोड राजश्वमा हाल ९ करोड ८० लाख राजश्व त्रियुगा नगरपालिकाले संकलन गरिरहेको छ। त्यस्तै प्रादेशिक विश्वविद्यालयको रुपमा त्रियुगा नगरपालिकालाई बनाईने भएको छ। इन्जिनियरिङ क्याम्पस बरुवा क्याम्पसलाई बनाईनेछ। थरुहट रंगशाला, मदनभण्डारी सभाहल, क्रिकेट रंगशाला उपमहानगरपालिका बन्ने आधार भएको त्रियुगा नगरपालिकाका प्रमुख मेयर बलदेब चौधरीले बताए। - *बाकि २ पेजमा*

# एलसेल र एमसीसिलाई छाड्दैनौ - बिप्लब

❖ महेश्वर चामलिङ

*उदयपुर,असार ३१*

राष्ट्रघाती मिल्लेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) र अबौं कर छली गर्ने एनसेललाई नेकपा बिप्लबले नछाड्ने भएको छ। बिहीबार आयोजित पत्रकार सम्मेलनमा नेत्रविक्रम चन्द (बिप्लब) नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी (नेकपा)ले अमेरिकन कार्यक्रम एमसीसी र एनसेललाई त्यत्तिकै नछाड्ने चेतावनी दिएको हो।




पार्टीमाथि लागेको प्रतिबन्ध फुकुवापछि असार २७ देखि २९ गतेसम्म जिल्लाको पुरानो सदरमुकाम उयदपुरगढीमा सम्पन्न औपचारिक बैठकका निर्णय सार्वजनिक गर्न गाईघाटमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै पार्टीका उदयपुर इन्चार्ज तथा केन्द्रीय सदस्य बिबेक कुमालले नेपाल र नेपाली जनताका लागि राष्ट्रघाती र जनघाती सिद्ध हुने एमसीसी कुनै हालतमा कार्यान्वयनमा ल्याउन नदिने बाचा गरे।

उनले राज्यलाई तिर्नुपर्ने अबौं कर नतिर्ने एनसेलाई पर्ना पार्टीले कुनै हालतमा नछाड्ने नीति लिएको बताए। पार्टी बैठकको निर्णय सार्वजनिक गर्दै पत्रकार सम्मेलनमा कुमालले राष्ट्रघाती एमसीसी र कर छली गर्ने एनसेलविरुद्ध अनवरत संघर्ष गर्ने तथा चुच्चे नक्शाको कार्यान्वयन तथा राष्ट्रियता र जनजीविकाको विषयमा पार्टी निरन्तर लागिरहने प्रतिबद्धता जनाए।

कुमालका अनुसार २ वर्षसम्मको प्रतिबन्ध फुकुवापछि बसेको खुल्ला र औपचारिक - *बाँकी ३ पेजमा*



एनसेल ...

बैठकले बिभिन्न १५ बुँदे निर्णय पारित गरेको छ। जसमा नेपालमा संसदीय व्यवस्था असफल सिद्ध भईसकेकाले अव बिकल्पको खोजी गर्दा वैज्ञानिक समाजबादी व्यवस्था स्थापना गर्नुपर्ने ठहर पार्टीले लिएको छ । नेकपाले एकीकृत जनक्रान्तिको संघर्षबाट संसदीय व्यवस्थाको बिकल्प खोज्दै सबै राजनीतिक दल संलग्न संयुक्त प्रगतिशील सरकार गठन गरी जनमत संग्रहमा जानुपर्ने धारणा पारित गरेको छ ।

'नेपालमा अहिलेसम्म लागू भएको पटकपटकको संसदीय व्यवस्था असफल सिद्ध भईसक्यो' कुमालले भने 'त्यसैले अव यसको बिकल्पको खोजी गर्दै वैज्ञानिक समाजबादको

दिशातर्फ अघि बढ्नु पर्छ । त्यसका लागि जनमत संग्रहमार्फत नयाँ व्यवस्था स्थापना हुनुपर्छ ।' जनमत संग्रह गर्नुअघि सबै राजनीतिक दलहरु सम्मिलित संयुक्त प्रगतिशील सरकार गठन गर्नुपर्ने धारणा पनि पार्टीको रहेको कुमालले बताए ।

वैज्ञानिक समाजबाद प्राप्त गर्नका लागि पार्टीले गाउँ र सहर जोड्नेमध्यमवर्गलाई उपयोग गर्दै, किसान र मजदुरको सहयोग लिएर एकीकृत जनक्रान्तिलाई उचाई दिने 'रोडम्याप' पार्टीको रहेको कुमालले बताए । ००७ सालदेखि अहिलेसम्मको संसदस्य अभ्यास, १० वर्षे जनयुद्ध, त्यसअघि र पछिका बिभिन्न आन्दोलन र संघर्षहरुको संश्लेषण गर्दै नेपाली समाज सुहाउँदो व्यवस्था नै वैज्ञानिक समाजबाद भएको ठहर पार्टीको रहेको उनको तर्क छ । एकीकृत जनक्रान्तिको माध्यामबाट स्थापना हुने वैज्ञानिक समाजबादमा बर्गबिहीन समाज निर्माण हुने र त्यसमा शिक्षा, स्वास्थ्यलगायत आधारभूत कुराहरु जनतालाई निशूल्क प्राप्त हुने पार्टीको निश्कर्ष छ ।

पार्टीको आगामी आन्दोलनको विषयमा पत्रकारहरुको जिज्ञासामा उनले ओली सरकारसँग सुरु भएको आफुहरुको वार्तालाई देउवा सरकारले निरन्तरता दिने नदिनेमा त्यो कुरा भर पर्ने उनले बताए । हिजो थालिएको वार्ता ओलीसँग नभएर सरकारसँग गरेको भन्दै त्यसलाई जुनसुकै सरकारले पनि निरन्तरता दिनुपर्ने हुँदा देउवाले पनि निरन्तरता दिएर टुंग्याउनुपर्ने पार्टी धारणा उनले व्यक्त गरे । पार्टीमाथिको प्रतिबन्ध फुकुवा, नेता कार्यकर्तामाथि लगाइएको झुटा मुद्धा खारेज र पक्राउ राजबन्दीहरुलाई निशर्त रिहाई गरी मुख्य ३ बुँदामा केन्द्रीत भएर पार्टीले सरकारसँग वार्ता थालेको भन्दै उनले पहिलो बुँदा मात्र कार्यान्वयन भएको बताए ।

न्यूनतम ३ मध्ये दोस्रो र तेस्रो बुँदालाई सरकारले कार्यान्वयनमा नल्याएको भन्दै उनले रोल्पा र दाङमा ३ ३ जना तथा बाजुरमा १४ नेता कार्यकर्ता छुटे पनि उनीहरु अदालती प्रक्रिया पुरा गरेरै छुटेकाले सरकारले छाडेको भन्न नमिल्ने बताए। पार्टीले राखेका ३ शर्तमध्ये प्रतिबन्ध फुकुवाको मात्र पुरा भएको छ। झुटा मुद्धा खारेज र राजबन्दीको निशर्त रिहाईजस्ता दुई बुँदा बाँकी नै छन्' उनले भने 'रोल्पा, दाङ र बाजुरामा छुटेका हाम्रा नेता कार्यकर्ता अदालती प्रक्रिया पुरा गरेरै छुटेका हुन् । फरक यत्ति छ, यसअघि अदालतले छाड्दा तत्काल पक्राउ गरेर फेरि थुनामा राख्थ्यो, अहिले त्यसो गरेन ।'

नेता सुदर्शनलगायत देशभर अझै १ सय ४३ जना आस्थाका बन्दीहरु बिभिन्न कारागारमा अझै थुनामा रहेको र उनीहरुलाई बिनाशर्त रिहा गर्न कुमालले सरकारको ध्यानाकर्षण गराए । त्यसका लागि देउवा सरकारसँग वार्तालाई निरन्तरता दिन पार्टीले प्रयासस्वरुप भर्खरै सत्ता साझेदार दल नेकपा (माओबादी केन्द्र)का अध्यक्ष प्रचण्ड र एमाले नेता माधव नेपालसँग महासचिव बिप्लबले भेटघाट गरिरहेको उनले बताए ।

पार्टी जिल्ला सेक्रेटरी लक्ष्मण पौड्यालले अहिलेको दलाल संसदीय व्यवस्थाको बिकल्प वैज्ञानिक समाजबाद मात्र भएकाले त्यसको स्थापना गर्न पार्टी तल्लो तहबाटै अघि बढ्ने योजनामा रहेको बताए । बैठकले समाजबाद लक्षित कार्यक्रमलाई ठोस गर्न सांगठनिक जिम्मा तोक्दै जिल्लामा युवा, विद्यार्थी, राजनीतिक दल, बुद्धिजीवि, पत्रकार, व्यवसायीलगायत सबैपक्ष सम्मिलित प्रगतिशील संयुक्त सरकार बनाएर जनमत संग्रहबारे व्यापक बहसको थालनी गर्ने निर्णय भएको सेक्रेटरी पौड्यालले बताए ।

बैठकले कोविडबाट बँच्न र बचाउँन सरकारले जनतालाई तत्काल निशूल्क खोप उपलब्ध गराउन, कोविड प्रतिकार्यमा खट्ने स्वास्थ्यकर्मीलाई जोखिम भत्ता दिन माग गर्दै त्यस कार्यमा पार्टी नेता कार्यकर्ताले सहजीकरण गर्ने, जिल्लामा एउटा पुस्तकालयलगायत बिभिन्न रचनात्मक कार्यक्रम गर्ने, वर्षायाममा प्राकृतिक प्रकोपबाट सुरक्षित रहन पूर्व तयारी र घट्नापछि उद्धार र राहतका कार्यक्रम ल्याउन पनि सरकारको ध्यानाकर्षण गराएको उनले बताए ।

उनले वैज्ञानिक समाजबाद उन्मुख नीति कार्यक्रम पार्टीले ठोस गरिसकेको बताउँदै त्यससँग बिचार मिल्ने राजनीतिक दलहरुसँग सहकार्य र कार्यगत एकताका लागि छलफल भईरहेको बताए। मोहन बैद्य नेतृत्वको एकीकृत नेकपा, आहुती नेतृत्वको वैज्ञानिक समाजबादी कम्युनिष्ट पार्टी, ऋषि कट्टेल नेतृत्वको नेकपासँग कार्यगत एकताबारे छलफल निरन्तर चलिरहेको बताए । उनीहरुसँग कार्यक्रम मिलेमा कार्यगत एकता गर्ने र सिद्धान्त मिले पार्टी एकता गर्नेसम्मको योजना बनाइएको पार्टीले जनाएको छ ।





सगरमाथा
डिपाटमेन्ट स्टोर
गाईघाट, उदयपुर




प्रोपाइटर - किरण चामलिङ राई

बिके किराना पसल



३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि
ग्राहकहरुको सेवामा समर्पित ।

गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको , होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल । गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर संगै, उदयपुर ।

*प्रोपाइटर* - भरत चामलिङ राई



किशोरकिशोरीहरुको संरक्षणको लागि सरोकारवालाहरुको तिन दिने क्षमता अभिबृद्धि तालिम बिहिबार देखि उदयपुर जिल्लाको सदरमुकाम गाईघाटको होटल कोहोबरमा सुरु भएको छ। तस्बिर - मुलुकी

# दुई हजार ६ सय ७६ थपिए

❖ मुलुकी संवाददाता

***उदयपुरगढी, असार३१***

वितेको २४ घण्टामा नेपालभर थप २ हजार ६७६ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार ८ हजार २५६ पीसीआर परीक्षणमा १ हजार ७८२ र ४ हजार ५१२ एन्टिजेन परीक्षणमा ८९४ जना गरी २ हजार ६७६ जनामा संक्रमण पुष्टि भएको हो। आज थपिएका संक्रमितसंगै देशभर ७ लाख ९ हजार ४३७ जना पुगेको छ।वितेका २४ घण्टामा थप ३३ संक्रमितको ज्यानगएको छ। योसँगै देशभर ज्यान गुमाउनेको संख्या ९ हजार ४६३ जना पुगेको हो।

त्यस्तै, वितेको २४ घण्टामा १ हजार ७५७ जनाले कोरोना जितेसँगै देशभर कोरोना मुक्त हुनेको कुल संख्या ६ लाख २६ हजार ४६८ पुगेको छ। हाल निको हुने दर ९४.६ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ


# नारायणी ग्याँस

## गाईघाट,डिलर, उदयपुर




बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण।

मुलुकी दैनिक पत्रिकामा बिज्ञापन प्रकाशन गर्नुपरेमा, पत्रिकाको बार्षिक, मासिक ग्राहक बन्नुपरेमा, मासिक शुल्क बुझाउनुपरेमा।

यबस्थापक – ९८४२९८५१८८, ९८०३७२७८८०




# आकर्षक घर बिक्रिमा



उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजार, संगमटोल, प्याराडाईज बोडिङ जाने सडकको मुख्य रोडदेखि साठी ६० मिटर भित्र रहेको अढाई तले आकर्षक ब्यापारिक घर बिक्रिमा।

घरको आकर्षणहरु - भुँई तलामा २ वटा सटर, २ वटा कोठा, ट्वाईलेट बाथरुम, भर्याङ, पार्किङ भएको, माथिल्लो तलामा ३ वटा कोठा र कार्यक्रमहल अन्तिम तलामा दुई वटा कोठा र किचेन रुम भएको, बगैचा भएको, आफु बस्नको लागि बनाएको घर सुबिधि सम्पन्न र नयाँ

# प्रियंका फैन्सी पसल गाईघाट, मेनचोक



यहाँ सुपथ मुल्यमा कुर्था, सुरुवाल, सर्ट, फेट्ट भेस्ट, बच्चाको कपडा सेट, विभिन डिजाइनमा पाइन्छ। स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड


माझखर्क सामाजिक सह-प्रकाशन मुलुकी दैनिक

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट